# गौरीगङ्गा राजपत्र

गौरीगङ्गा नगरपालिकाद्वारा प्रकाशित

खण्ड ७ चौमाला, कैलाली जेठ ०७ गते , बुधबार २०८० साल, (संख्या ५)

## स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०

प्रस्तावना : नेपालको संविधानले आधारभूत स्वास्थ्य उपचारलाई मौलिक अधिकारको रूपमा व्यवस्थित गरिएसँगै सरकारले स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन गरेको छ। सेवालाई निःशुल्क र सामाजिक सुरक्षाको हक प्रदान गरेको छ। यसका साथै राष्ट्रिय स्वास्थ्य बिमा नीतिले गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार गरी स्वास्थ्य बिमाबाट सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने नीति बमोजिम नेपाल सरकारले यस गौरीगङ्गा नगरपालिकामा बसोबास गर्ने बासिन्दा आर्थिक अभावका कारण स्वास्थ्य बिमाको पहुँचबाट बञ्चित भएका अति गरिब, विपन्न, अपाङ्गता भएका ( पहेलो /निलो कार्ड), विभिन्न कारणले दिर्घकालीन उपचार गर्नु पर्ने घाइते, सहिद तथा बेपत्ता परिवारहरू, दलित ,एकल महिला, अल्प सङ्ख्यक समुदायका व्यक्ति र मुक्त कमैया / कम्लहरीहरुलाई प्राथमिक्ता दिदै स्वास्थ्य बिमा गरी स्वास्थ्य उपचार पाउने मौलिक हकको सुनिश्चित गर्न वाञ्छनीय भएकाले,

गौरीगङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन,२०७६ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाले देहायको कार्यविधि बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) कार्यविधिको नाम “ **स्वास्थ्य बिमा कार्यक्रम सञ्चालन कार्यविधि, २०८०”** रहेको छ ।

२) यो कार्यविधि नगर कार्यपालिकाले अनुमोदन गरी राजपत्रमा प्रकाशन गरेको मितिबाट लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

क) “नगरपालिका” भन्नाले गौरीगङ्गा नगरपालिका सम्झनु पर्दछ ।

ख) “नगर कार्यपालिका” भन्नाले गौरीगङ्गा नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

ग) “समिति” भन्नाले यस कार्यविधिको दफा ५(१) बमोजिमको समितिलाई सम्झनु पर्दछ ।

**३. बिमा कार्यक्रमः** १) गौरीगङ्गा नगरपालिकामा बसोबास गर्ने आर्थिक अभावका कारण स्वास्थ्य बिमाको पहुँचबाट वञ्चित भएका अति गरिब, विपन्न, अपाङ्गता भएका (पहेलो/ निलो कार्ड), विभिन्न कारणले दिर्घकालीन उपचार गर्नु पर्ने घाइते, सहिद तथा बेपत्ता परिवारहरू, दलित, एकल महिला, अल्प सङ्ख्यक समुदायका व्यक्ति र मुक्त कमैया/कम्लहरीहरुको स्वास्थ्य बिमामा पहुँच पुराउनकालागि नगरपालिकाले बिमा कार्यक्रम सञ्चालन गर्नेछ ।

३) सरकारबाट प्राप्त हुने कुनै सामाजिक सुरक्षा भत्ता प्राप्त नगरेको परिवारका सदस्यलाई ग्राह्यता दिईनेछ।

२) स्वास्थ्य बिमा कार्यक्रम गौरीगङ्गा नगरपालिका क्षेत्र भित्र सञ्चालन गरिनेछ ।

**४. बिमितको सङ्ख्या निर्धारणः** १) नगरपालिकाले विनियोजित बजेट र नगरपालिकामा रहेका वडामा बसोबास गर्ने लक्षित व्यक्तिहरूको अवस्था मूल्याङ्कन गरी नगर कार्यपालिकाले प्रत्येक वडाहरूलाई साथै नगरपालिकाबाट आकस्मिक रूपमा सहयोगका लागि आउने सेवाग्राहीहरूलाई समेत मध्यनजर गरी बिमा गरिने उपयुक्त सङ्ख्या निर्धारण गरिनेछ ।

२) उपदफा १ बमोजिमको निर्णय भए पश्चात् नगर पालिकाले प्रत्येक वडा समितिलाई निर्धारित सङ्ख्यामा बिमाका लागि वडा समितिको बैठकबाट व्यक्तिको नाम चयन गरी निर्णय सहित नगरपालिकामा पेस गर्न वडा कार्यालयहरूलाई पत्राचार गर्ने ।वडा समिति बाट विपन्न परिवारको छनौटका लागि अनुसूची १ बमोजिमको मूल्याङ्कन तालिकाका आधारमा मूल्याङ्कन गर्नु पर्ने छ ।

३) उपदफा २ बमोजिमको प्राप्त विवरण अनुसारको लगत स्वास्थ्य शाखाले सङ्कलन गर्ने ।

**५. सिफारिस समितिः** १) वडा समितिबाट चयन भएका तथा नगरपालिकामा सङ्कलित विवरण बमोजिमका प्रस्तावित विमितहरुको यथार्थ अवस्था विश्लेषण गर्नका लागि देहाय बमोजिमको ३ सदस्यीय एक सिफारिस समिति रहने छ ।

गौरीगंगा राजपत्र

क) नगर प्रमुख अध्यक्ष

ख) नगर उप- प्रमुख सदस्य

ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य

घ) सामाजिक विकास समिति संयोजक सदस्य

ङ) स्वास्थ्य शाखा प्रमुख सदस्य सचिव

२) उपदफा १ बमोजिमको समितिले वडा कार्यालयबाट बिमाका लागि सिफारिस गरिएका विमितहरुको यथार्थ विवरण बुझी निर्धारित अनुसूची-१ बमोजिमको मापदण्ड विपरीत तथा तोकिएको सङ्ख्या भन्दा बढी सिफारिस गरिएको भएमा सो वडा कार्यालयलाई कारण पेस गर्न वा नयाँ बिमित सिफारिस साथै बढी सिफारिसको हकमा नाम घटाउनका लागि निर्देशन दिने ।

३) उपदफा २ बमोजिम निर्धारण गरेको समय भित्र चित्त बुझ्दो कारण वा नयाँ नाम सिफारिस नगरेमा सो व्यक्तिलाई सिफारिसबाट हटाई नयाँ सुची तयार गरिनेछ ।

४) सिफारिस समितिले निर्णय गरेको सात दिन भित्र बिमा गर्नका लागि चयन गरिएका व्यक्तिहरूको अन्तिम नामावली तयार गरी बिमा बोर्डमा स्वास्थ्य बिमा गरी दिनका लागि सिफारिस पेस गर्नु पर्नेछ । सो कार्य गर्नका लागि थप जनशक्ति आवश्यक परेमा अन्य कर्मचारीको सहयोग प्राप्त गर्न सक्नेछन् ।

**६. स्वास्थ्य बिमा बोर्डलाई अनुरोध गर्नेः** १) दफा ३ उपदफा १ बमोजिमको समितिले निर्माण गरेको प्रस्तावक विमितको अन्तिम नामावली सहित बिमा गरी दिनका लागि स्वास्थ्य बिमा बोर्डलाई पत्राचार गर्ने ।

२) स्वास्थ्य बिमा बोर्डले नगरपालिकामा रहेका दर्ता सहयोगीहरूलाई बिमा बोर्ड मार्फत नगरपालिकाको पत्रमा उल्लेखित व्यक्तिको परिवारको स्वास्थ्य बिमा गरिदिन समन्वय गर्ने ।

३) नगरपालिकाले बिमा गर्न स्वास्थ्य बिमा बोर्डलाई पत्राचार गरेका व्यक्तिको परिवारका ५ जना सदस्यहरूसम्मको बिमा गर्दा लाग्ने रकम नगरपालिकाले स्वास्थ्य बिमा बोर्डलाई भुक्तानी गर्ने ।

गौरीगङ्गा राजपत्र

४) स्वास्थ्य बिमा बोर्डलाई पत्राचार गर्दा कुनै सकारात्मक प्रतिक्रिया प्राप्त नभएमा बिमा बोर्डका नगरपालिकामा बिमा गर्नका लागि खटिएका दर्ता सहयोगीहरूलाई सम्पर्क गरी इच्छुक दर्ता सहयोगीहरू मार्फत सम्झौता गरी बिमा गर्न गराउन लगाउने ।

५) नगरपालिकाले यस कार्यविधि बमोजिम बिमा गरेका बिमितहरुको स्वास्थ्य सेवा पाउने प्रथम सेवा बिन्दु नगरपालिका भित्र सेवा प्रदान गर्न तोकिएको स्वास्थ्य संस्था हुने छ ।

**७ . प्रचलित कानुन बमोजिम हुने:** अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानुनसँग नबाझिएको हदसम्म यस कार्यविधिमा लेखिएको विषयमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**८. बाधा अड्काउ फुकाउने र संशोधन:** यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा परेमा नगर कार्यपालिकाले प्रचलित कानुनको प्रतिकुल नहुने गरी बाधा अड्काउ फुकाउन तथा संशोधन गर्न सक्नेछ ।

**९. बिमा रकम भुक्तानी सम्बन्धमा :** सिफारिस बमोजिमका लाभग्राहीहरूको बिमा कार्य सम्पन्न पश्चात् दर्ता सहयोगीहरुले रकम भुक्तानीका लागि माग गरे बमोजिम नगरपालिकाबाट पेस भएको बिल तथा निवेदनका आधारमा रकम भुक्तानी गर्ने छ।

## अनुसूचि १

**(कार्यबिधिको दफा ५ को उपदफा २ संग सम्बन्धीत)**

**मुल्याकनको आधार**

| सूचक | अंक १० | अंक २० | अंक ३० | नतिजा |
|---|---|---|---|---|
| आवास(घर) | पक्की | अर्ध गारो भएको पक्कि जस्ताको छाना र ईटाको गाह्रो भएको | कच्ची घर वा घर नभएको डेरामा बसेको | |
| जग्गा | खेत वारी दुबै भएको | बारी मात्रै भएको | केहि नभएको | |
| रोजगारी | मासिक तलब पाउने नोकरी भएको वा स्वरोजगारी | ज्यालादारी काम गर्ने वा रोजगारीको सुनिश्चितता नभएको वा सामान्य निर्वाहा मुखि ब्यबसाय गरेको | बेरोजगार वा आंशिक ज्यालादारी वा मुस्किलले जिवन निर्वाह गरेको | |

गौरीगंगा राजपत्र

| | | | | |
|---|---|---|---|---|
| शिक्षा (बाल बालिका) | निजि बिद्यालयमा पढदै | सरकारी बिद्यालयमा पढदै | गरिबीका कारण बिचैमा पढाई छुटाउनु परेको | |
| खाने पानी | घरैमा ब्यवस्थित रुपमा आपूर्ति भैरहेको | सार्बजनिक धाराबाट वा सामुदायिक धाराबाट आंसिक व्यवस्थापन | खानेपानीको समस्या । | |
| स्वास्थ्य उपचार | प्राय : निजि क्लिनिक वा अस्पतालमा जान सक्ने | प्रायः सरकारी स्वास्थ्य सेवा केन्द्रहरुमा गै रहने | गरीबीका कारण कहिले काहि उपचार गर्न नसकिएको | |
| परिवार संख्या | ५ जना सम्म | ६ देखी ९जना सम्म | १० जना भन्दा बढी | |
| बसोबास | शहरी क्षेत्र | आंशिक शहर वा गाउ | पिछडिएको गाउ वा शिविरहरु | |
| घरमुली | रोजगार | अर्धरोजगार | बेरोजगार | |
| कुल प्रासाङ्क | | | | |

आज्ञाले
हरिदत्त भट्ट
प्रमुख प्रशासकिय अधिकृत